# सूचना सूचना सूचना

## श्री सैनिक हवाई महानिर्देशनालय, गौचर
## कम्पनी सूचीकृतको लागि म्याद थप गरि संशोधन गरिएको सूचना
## (राष्ट्रिय दैनिक गोरखापत्रमा दोश्रो पटक प्रकाशित भएको मिति २०७२/०४/११ गते)

१. आ.व.०७२/०७३ को निमित्त यस सैनिक हवाई महानिर्देशनालय र अन्तर्गत मध्य एयर वेश, भी.भी.आई.पी.उडान सेवा, मर्मत तथा संभार सेवा, हवाई तालिम केन्द्र र पश्चिम एयर वेशको लागि हवाई साधनसंग सम्बन्धित विभिन्न सामान/सेवाहरुको आपूर्ति गर्ने कार्यको लागि प्रथम पटक प्रकाशित मिति २०७२/०३/२८ गतेको गोरखापत्रमा मिति २०७२/०४/१२ गतेसम्मको लागि आवेदन दर्ता माग गरिएकोमा बिशेष कारणवश बिभिन्न सामाग्री तथा सेवाहरुको सूचीदर्ता समूहहरुमा केहि थप गर्नु पर्ने भएकोले मिति २०७२/०४/१३ गतेबाट दिन ७ (सात) म्याद थप गरिएको हुंदा तपसिलमा उल्लेखित सामान तथा सेवाहरु आपूर्ति व्यवस्था गर्ने प्रयोजनको लागि सम्वन्धीत विषयको व्यापार, व्यवसाय वा कारोवार गर्न स्वीकृत प्राप्त गरेका ईच्छुक बिक्रेता/कम्पनी/सप्लायर्स/फर्महरुको सुची दर्ता गराउनु पर्ने भएकोले आफुले आपूर्ति/प्रवाह गर्ने सामान वा सेवाहरुको बिवरण सहित आ-आफनो कम्पनी/सप्लायर्स/फर्म सुचिकृत गराउनको लागि रु.१० को टिकट टांसी सिलवन्दी आवेदन वुझाउनु हुन दोश्रो पटक यो सूचना प्रकाशित गरीएको छ ।

२. सुचिकरणको आवेदन २०७२/०४/१९ गतेको कार्यालय समय भित्र यस सैनिक हवाई महानिर्देशनालयबाट बितरण गरिएको फाराम भरी आवश्यक कागजाद सहित यस महानिर्देशनालयमा आवेदन दर्ता गराउनु पर्नेछ । आवेदन वुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदा समाप्त भएको भोलीपल्ट कार्यालय खुलेको दिन निर्धारित समयमा आवेदन वुझाउन सकिनेछ । म्याद नाघी आएको वा रीत नपुगेको निवेदन उपर कारवाही गरिने छैन ।

**३. <u>सूचीदर्ता गर्नु पर्ने समुहहरु :</u>**

(क) **समुह "क"** हवाई रंग रोगन सम्वन्धी सामानहरु ।
(ख) **समुह "ख"** कुरियर सेवा, कार्गो सेवा, (राष्ट्रिय तथा अन्तराष्ट्रिय), हवाई पार्टसहरु/बिभिन्न कागजात ढुवानी सम्वन्धी कार्यहरु ।
(ग) **समुह "ग"** परामर्श सेवा ।
(घ) **समुह "घ"** टो ट्याक्टर, फोर्क लिफ्ट र ग्राउण्ड पावर युनिट, जेनरेटर, क्रेन र अन्य मेशिनरी साधनहरु खरिद तथा मर्मत ।
(ङ) **समुह "ङ"** ओभरहल पोशाक, फ्लाईङ्ग बुठ (पाइलट/प्राविधिकहरुले प्रयोग गर्ने) र सिलाई बुनाई ।
(च) **समुह "च"** हवाई साधन/ग्राउण्ड इक्यूपमेन्टहरुको लागि लुब्रिकेण्टहरु ।
(छ) **समुह "छ"** हवाई साधनहरुको लागि आवश्यक पर्ने सम्पूर्ण प्रकारका ग्यासहरु ।
(ज) **समुह "ज"** क्याटरिङ्ग सेवा ।
(झ) **समुह "झ"** <u>कार्यालय मालसामानहरुको सप्लाई</u>
 (१) मसलन्द तथा स्टेशनरी सामानहरु र छपाई सम्वन्धी कार्य ।
 (२) पत्रपत्रिका, पुस्तक तथा विभिन्न नक्शाहरु (नेपालको ७५ जिल्लाको) ।
(ञ) **समुह "ञ"** रंग रोगन सम्वन्धी सामानहरु ।
(ट) **समुह "ट"** विद्युतीकरण,विद्युत सामाग्री तथा सोसंग सम्वन्धीत बिविध उपकरणहरुको सप्लाई ।
(ठ) **समुह "ठ"** विजुली बत्तिहरु र आवश्यक विजुलीका उपकरणहरुको मर्मत संभार कार्य ।
(ड) **समुह "ड"** पीउने पानी (मिनरल वाटर र जारको पानी) तथा सो संग सम्वन्धीत आवश्यक उपकरणहरु ।
(ढ) **समुह "ढ"** सर सफाई तथा हवाई साधनसंग सम्वन्धीत कमर्सियल सामानहरु सप्लाई । (भि.भि.आई.पि.उडान सेवामा भएका हवाई साधनहरुको हकमा नेपाल नागरीक उड्येन प्राधिकरणबाट डिष्ट्रीब्युटर अथराईजेसन प्राप्त भएको फर्म वा कम्पनी हुनु पर्ने) ।
(ण) **समुह "ण"** क्याटरिङ्ग संग सम्वन्धीत सामानहरु सप्लाई र कार्यहरु ।
(त) **समुह "त"** मेटल तथा काठका फर्निचरहरु तथा फिक्चर सप्लाई र सोको मर्मत संभार ।

(थ) **समुह "थ"** डेस्कटप कम्प्युटर, ल्यापटप, मनिटर, प्रिन्टर, यु.पि.एस., सर्भर, राउटर स्वीच, मोडियम, हव, नेटवर्क केवल, ज्याक, एसेसरीज कन्ट्रोल, हार्डडिक्स, मदर वोर्ड उपरकणहरुको आपुर्ति

(द) **समुह "द"** माथि समूह "झ" मा उल्लेखित ईलोक्ट्रोनिक उपकरणहरुको मर्मत संभार र सफ्ट वेयर निर्माण सम्बन्धि कार्य ।

(ध) **समुह "ध"** आल्मुनियम पार्टेशन, भवन, शौचालय निर्माण, मान होल तथा मर्मत सम्वन्धी सम्पुर्ण कार्यहरु ।

(न) **समुह "न"** आल्मुनियम, भवन, शौचालय निर्माण सामाग्रीहरु र हार्डवेयरको आपुर्ति ।

(प) **समुह "प"** सवारी साधनसंग सम्बन्धित आवश्यक पार्टपुर्जा तथा टायर ट्युब र लुब्रिकेन्टको सप्लाई ।

(फ) **समुह "फ"** सवारी साधन मर्मत तथा संभार (२, ४, र ६ पाङग्रे)

(ब) **समुह "ब"** सवारी साधनको रंगरोगन सम्बन्धी सामानहरुको सप्लाई तथा रंगरोगन ।

## ४. <u>सुचि दर्ताको लागि निवेदन साथ पेश गर्नुपर्ने कागजादहरु</u>

(१) फर्म, वा कम्पनी दर्ताको प्रतिलिपी नविकरण सहित, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।
(२) उधोग बिभाग वा कम्पनी रजीष्टारको कार्यालयबाट प्रदान गरीएको ब्यावसाय ईजाजत पत्रको प्रतिलिपी
(३) आ.व.२०७०/०७१ सम्मको कर चुक्ता वा दाखिला प्रमाण ।
(४) स्थायी लेखा नम्वर (PAN) वा मुल्य अभिवृद्धिकर (VAT) दर्ता प्रमाणपत्र पत्रको प्रतिलिपी ।
(५) कम्पनी भए प्रवन्धपत्र र नियमावलीको प्रतिलिपी ।
(६) कार्यदक्षताको अनुभव सम्वन्धी प्रमाणपत्रको प्रतिलिपी ।
(७) विक्रि गर्ने प्रमुख वस्तु वा सेवाहरुको विवरण ।
(८) खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, खरिद कारवाहीमा आफनो स्वार्थ नवाझिएको, सम्वन्धीत व्यवशायमा खरिद सम्वन्धी कसुर नपाएको लिखित घोषणा पत्र ।
(९) परामर्शसेवाको हकमा एभीएशन क्षेत्रमा परामर्श सेवा प्रदान गरेको अनुभवको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।
(१०) विदेशी कार्गोको हकमा विदेशी विनियम इजाजतपत्र, भन्सार विभागको भन्सार एजेण्टको इजाजत पत्र, कम्तीमा ३ वटा अन्तराष्ट्रिय विमान कम्पनीहरुवाट कार्गो एजेण्टको पत्र, नेपाल फ्रेट फरवार्ड एशोसियशनमा आवद्ध भएको पत्र, विदेशी कार्गो पठाएको अनुभव पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।
(११) सेवा/सामान सप्लायर्स गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाको अध्यावधिक विवरण पेश गर्नु पर्नेछ ।
(१२) लुब्रिकेन्टको हकमा नेपाल नागरिक उड्यन प्राधिकरणबाट इजाजत पत्र प्राप्त गरेको हुनु पर्नेछ ।

## ५. <u>सुचिकृत हुने सम्वन्धमा थप जानकारीहरु</u>

(१) सुचिकृतको लागि आबेदन फर्म यस महानिर्देशनालयवाट उपलब्ध हुनेछ ।
(२) सुचिकृत हुन निवेदन पेश गर्नेहरु मध्येवाट ग्राह्य ठहरीएका विक्रेता/सप्लायर्स/फर्महरुलाई मात्र सुचिकृत गरिनेछ ।
(३) सुचिकृत हुनको लागि यस महानिर्देशनालयवाट वितरण गरिएको आबेदन फर्म साथ अनुभव लगायतका माथि उल्लेखित कागजादहरु तथा विवरणहरु आफैंले प्रमाणित गरी प्रतिलिपी पेश गर्नुपर्नेछ । निवेदनमा समुह र सो समुह अन्तगतको सवै वा कुन कुन सामानहरु आपुर्ति र मर्मत कार्य गर्ने हो स्पष्ट खुलाउनु पर्नेछ ।
(४) सुचिकृतमा पर्ने फर्महरुलाई सुचिकृत भएको जानकारी यस महानिर्देशनालयको सुचना पाटीमा सुचना टांस गरिनेछ ।
(५) सुचिकृत भएका कम्पनी वा फर्महरुको सन्तोषजनक सेवा तथा समयमा सामान सप्लाई नगरेको खण्डमा सुचिवाट विना सुचना नाम हटाउन सकीनेछ । यस उपर कुनै दावी गर्न पाईने छैन ।
(६) माथिका बुदाहरुमा जो सुकै कुरा उल्लेख भएतापनि कुनै फर्म बिक्रेतालाई सुचिकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पुर्ण अधिकार यस महानिर्देशनालयमा निहित रहनेछ ।
(७) यस सम्वन्धी थप जानकारी आवश्यक परेमा यस महानिर्देशनालयको लेखा शाखाको फोन नं ०१-४४६९४६४/४११३००९ मा सम्पर्क गरी जानकारी प्राप्त गर्नुको साथै यो सुचना नेपाली सेनाको वेभसाईट <u>www.nepalarmy.mil.np</u> र सार्वजनिक खरिद अनुगमनको कार्यालयको वेभ साईट <u>www.ppmo.gov.np</u> मा उपलव्ध छ ।